नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

# निजामती किताबखाना

## एन्ड्रोईड मोबाईल एप

**“हत्केलामा निजामती सेवा”**

**Civil Service on Palm**

**(CSP)**

**२०७३**

## पृष्ठभुमी

निजामती किताबखाना, नेपाल सरकार सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको एक विभागका रुपमा रहेको छ । यसले नेपाल सरकारका निजामती सेवा, स्वास्थ्य सेवा, शिक्षा सेवा, व्यवस्थापिका संसद सेवा, न्याय सेवा लगायतका सरकारी कर्मचारीहरुको वैयक्तिक विवरण राख्ने र अध्यावधिक सम्बन्धी कार्य गर्दछ ।

यस विभागले कर्मचारीहरुका वैयक्तिक विवरण व्यवस्थित गर्न Personnel Information System (PIS) नामको सफ्टवयर प्रयोग गर्दै आएको छ । विभिन्न कारणले गर्दा उल्लेखित विवरण पूर्ण सत्य एवं अध्यावधिक हुन नसकेको अवस्था छ ।

कर्मचारीहरुको वैयक्तिक विवरणलाई अध्यावधिक गर्न सहज होस भन्ने हेतुले यस विभागले एन्ड्रोईड मोबाईल फोनहरुमा प्रयोग गर्न सकिने गरी मोबाईल एपको विकास गरी सञ्चालनमा ल्याएको छ ।

## संक्षिप्त परिचय

**लक्ष्य:** यस विभागमा रहेका बैयक्तिक विवरणमा सम्बन्धित पक्षको पहुंच स्थापित गरी वैयक्तिक विवरण अध्यावधिक गर्ने कार्यलाई सहज वनाउने ।

**मुख्य उद्देश्य:**

नेपाल सरकारका कर्मचारीलाई उहाँको यस विभागमा रहेको विवरण बारे जानकारी दिई कर्मचारीहरुको वैयक्तिक विवरण अध्यावधिक गर्ने कार्यलाई सहज वनाउने ।

**कार्य दिशा:** एन्ड्रोईड मोबाईल फोनहरुमा प्रयोग गर्न सकिने गरी मोबाईल एपको बिकास गरी लागु गर्ने र वेभ साइट तथा मोवाइल एपका माध्यमबाट समेत विवरण सच्याउन मिल्ने फारम र पद्दती प्रचलनमा ल्याई सेवाग्राहीहरूबाट तथ्य लिने Client to Government (C to G) सम्पर्क कायम गर्ने ।

**विवरण यथार्थ हुन नसक्नुका मुख्य कारणहरु**

- यस निजामती किताबखानामा प्राप्त हुनुपर्ने बोधार्थ पत्रहरु समयमा प्राप्त हुन नसक्नु ।
- अध्ययन विदा, असाधारण विदा आदि स्विकृत हुदा सम्बन्धित कर्मचारीले नै किताबखानाको बोधार्थ पत्र समेत लिने गर्नु।
- सम्बन्धित कर्मचारीलाई यस किताबखानामा भएको निजको विवरण थाहा हुन नसक्नु ।
- नियतवस विवरण लुकाउने प्रवृति बढ्नु ।

## एन्ड्रोईड मोबाईल एप CSP को परिचय

एन्ड्रोईड मोबाईल एप साधारण एन्ड्रोईड फोनहरु (Smart Phone) मा प्रयोग गर्न मिल्ने सूचना प्रविधि प्रणाली हो । नेपाल सरकारका विभिन्न निकायहरुले समेत यस प्रकारको मोबाईल एप संचालनमा ल्याएका छन ।

यस निजामती किताबखानाले निर्माण गरेको एन्ड्रोईड मोबाईल एप, साधारण एन्ड्रोईड फोनहरु (Smart Phone) मा प्रयोग गर्न सकिने छ । यो मोबाईल एप साधारण Wifi वा साधारण GPRS डाटा प्रकृतिको आधारभूत ईन्टरनेट सेवा समेतमा प्रयोग गर्न सकिन्छ ।

यो एपको सहायताबाट प्रयोगकर्ताले यस निजामती किताबखानासंग सम्बन्धित सूचना एवं जानकारी प्राप्त गर्न सक्ने छन र सुधार्न पर्ने विषयमा सुझाव / प्रतिक्रिया दिन सक्नेछन् ।

प्रयोगकर्ता कर्मचारीले आफ्नो व्याक्तिगत विवरण हेर्न कर्मचारी संकेत नं र पासवर्डको प्रयोग गर्नु पर्नेछ ।

यसका अलावा सुरु पदमा नियुक्ति मिति र जन्ममिति का आधारमा समेत व्याक्तिगत विवरण हेर्न सकिनेछ ।

## CSP मोबाईल एपबाट प्राप्त गर्न सकिने विवरणहरु

**सबै प्रयोगकर्ताहरुले प्राप्त गर्न सक्ने विवरणहरु**

- राष्ट्रिय गान,
- निजामती किताबखानाको Web site मा रहेका विवरण,
- निजामती सेवा सम्बन्धी सूचनाहरु,
- निजामती सेवा सम्बन्धी जानकारीहरू,
- सार्वजनिक विदाहरू,
- प्रतिकृया/सुझाव,
- पेन्सन क्यालकुलेटर,
- स्वास्थ्य सम्बन्धी सुझावहरु,
- PIS विवरण अध्यावधिक गर्ने निवेदन,
- निजामती सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीहरूको नामावली ।

**सिटरोल दर्ता गरेका नेपाल सरकारका कर्मचारीहरुले Log In गरी प्राप्त गर्न सक्ने विवरणहरु**

- ब्यक्तिगत विवरण,
- सेवा किताब,
- शैक्षिक योग्यता सम्बन्धी विवरण,
- तालिमको विवरण,
- तलबी विवरण,
- सम्मानको विवरण,
- विदाको विवरण,
- सम्पत्ति विवरण दर्ताको विवरण ।

## मोबाईल एपको संचालन एवं व्यवस्थापन

CSP मोबाईल एपको व्यवस्थापन गर्न महानिर्देशकको संयोजकत्वमा मोबाईल एप व्यवस्थापन समिति रहने छ । उक्त समितिले मासिक रुपमा बैठक गरी मोबाईल एप अध्यावधिक एवं व्यवस्थित गर्ने कार्य गर्नेछ ।

**मोबाईल एप प्रयोग गर्ने तरिका**

१. आफ्नो एन्ड्रोइड फोनमा वाईफाई वा डाटा प्रयोग गरी इन्टरनेट जोड्नुहोस् ।
२. Google Play Store बाट CSP एप खोजी डाउनलोड गरी Install गर्नुहोस् ।
३. CSP एप खोल्नुहोस् । सबै प्रयोगकर्ताहरुले प्राप्त गर्न सक्ने विवरणहरु हेर्न सकिनेछ ।
४. सिटरोल दर्ता गरेका नेपाल सरकारका कर्मचारीहरुले लगइन गर्न माथिल्लो देब्रे कुनामा गृहपृष्ठ संगै रहेका तीनवटा धर्सा (≡) मा जानुहोस् र देखिने मेनुको अन्तमा रहेको लगिनमा जानुहोस् । PIS को User ID / Password लिएका कर्मचारीले सोही प्रयोग गरी आफ्नो विवरण हेर्न सकिन्छ । PIS को User ID / Password नलिएका कर्मचारीले तल लेखिएको "अर्को प्रकृया प्रयोग गर्नुहोस्" मा गई आफ्नो जन्ममिति र शुरू पदमा नियुक्तिको निर्णय मिति प्रयोग गरी आफ्नो विवरण हेर्न सकिन्छ ।

## अपेक्षित उपलब्धीहरु

१. यस निजामती किताबखाना बाट कर्मचारी संकेत नं. प्राप्त गरेका सरकारी कर्मचारीहरुले सहजै आफ्नो व्याक्तिगत विवरण हेर्न सक्नेछन् ।
२. यस प्रकारको विवरण प्रिन्ट गरी सन्तति छात्रवृत्ति लगायतका कार्यमा समेत प्रयोग गर्न सकिने भएकाले PIS विवरण लिन निजामती किताबखाना आउनुपर्ने वाध्यताको समाधान हुनेछ ।
३. आफ्नो PIS विवरण अध्यावधिक भए नभएको जानकारी प्राप्त हुने हुदा नमिलेका विवरणहरु अध्यावधिक गराउन कर्मचारी स्वयं उत्प्रेरित भै प्रमाण पठाउन र विवरण दुरूस्त बनाउन सक्नेछन् ।
४. कर्मचारीले आफूले काजमा जान चाहेको वा सरुवाहुन चाहेको कार्यालय छनौटका लागि सामान्य प्रशासन मन्त्रालयमा दिनुपर्ने काज वा सरुवाको निवेदन यसै एपबाट समेत दिन सकिने व्यवस्था मिलाईने भएकाले निवेदन दिन मन्त्रालय पुग्नुपर्ने बाध्यताको समाधान हुनेछ ।

**नोट:** CSP एप Google Play Store बाट सोझै डाउनलोड गरी Android मोबाईल फोनमा प्रयोग गर्न सकिन्छ । यो एप प्रयोग गर्दा निजामती किताबखानाले कुनैपनि प्रकारको शुल्क लिदैन र भविष्यमा पनि लिनेछैन ।

**©सर्वाधिकार:**

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
निजामती किताबखाना, हरिहरभवन, ललितपुर ।
सम्पर्क नं.: ०१-५०१०१३८
E-mail: info@pis.gov.np